वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ७१ २०८३ असार १९ गते शुक्रबार, नेपाल सम्वत् ११४६ July 03, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ

भञ्ज्याङ bhanjyangnews.com

— निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी —

सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत

"विश्वसनीय समाचार, तपाईको अधिकार"

हामीलाई यहाँ फलो गर्नुहोस्

बेबसाइट www.bhanjyangnews.com

फेसबुक पेज facebook.com/bhanjyangdaily

एक्स (ट्विटर) x.com/@bhanjyangdaily

युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9

टिकटक tiktok.com/@bhanjyang.daily.n

हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोसा !

हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.

दमौली, तनहुँ । फोन : ०६५-५६३९०७

Email : bhanjyangdml@gmail.com

विश्वसनीय र निष्पक्ष | खोजमुलक पत्रकारिता | विचार र विश्लेषण | सूचना र सन्देश प्रवाह



**चैते धान झार्दै** : लमजुङको मध्यनेपाल नगरपालिका-७ करापुटारमा चैते धान झार्दै स्थानीय महिला किसान । चैते धानखेती थन्काएसंगै किसानहरू असारे धान खेतीको चटारोमा रहेका छन् । *तस्बिर: देवेन्द्र गुरूङ/रासस*

# पिरोमा 'गुलियो' खुसी

**सनद अधिकारी**/चितवन

स्वदेशमा सम्भावना नदेखेर रोजगारीको खोजीमा युवा पुस्ता विदेश पलायन भइरहेका बेला चितवनका एक अनुभवी किसानले भने माटोमै पसिना बगाएर आर्थिक समृद्धिको एउटा अब्बल उदाहरण प्रस्तुत गर्नुभएको छ । खैरहनी नगरपालिका-१०, समानपुरका किसान नवीनकुमार श्रेष्ठले शिक्षा संकायमा स्नातक ( बीएड) उत्तीर्ण गरेपछि सुरू गरेको शिक्षण पेसा त्यागेर व्यावसायिक रूपमा गरेको पिरो खुर्सानीखेतीबाट अहिले वार्षिक लाखौँ रूपैयाँ आम्दानी मात्र गरिरहनुभएको छैन, गाउँका धेरै युवा तथा स्थानीयलाई रोजगारीसमेत दिनुभएको छ। दुई दशकभन्दा लामो समयदेखि पुख्र्यौली पेसालाई आधुनिक र व्यवसायीकरण गरेर आर्थिक रूपमा आत्मनिर्भर बन्नुभएका श्रेष्ठ यतिबेला जिल्लाकै एक सफल र आदर्श कृषकका रूपमा स्थापित हुनुहुन्छ।

केही समय शिक्षक भएर विद्यार्थी पढाउने श्रेष्ठको दैनिकी अहिले निकै फेरिएको छ । जागिरको सीमित तलब र घेराभन्दा आफ्नै खेतको माटोले बढी सन्तुष्टि दिने महसुस भएपछि उहाँ शिक्षण पेसा छाडेर पूर्ण रूपमा कृषिकर्ममा होमिनुभएको हो । छ वर्षसम्म शिक्षण पेसामा बिताउनुभएका उहाँ अचेल हातमा कृषि औजार लिएर आफ्नै पिरो खुर्सानीको बगानमा व्यस्त भेटिनुहुन्छ।

विसं २०५६ देखि नै आंशिक रूपमा तरकारीखेतीमा जोडिनुभएका श्रेष्ठले विगत २०७२ सालदेखि भने व्यावसायिक रूपमा पिरो खुर्सानीलाई मुख्य प्राथमिकता दिँदै आउनुभएको छ । उहाँले अहिले झन्डै २५ कट्ठा जग्गामा बुलेट र लामो जातका खुर्सानीहरु लगाउनुभएको छ । "पहिले–पहिले यहाँबाट झन्डै २६ किलोमिटर टाढासम्म साइकलमा तरकारी बोकेर बेच्न जानुपर्थ्यो", पुराना दिन सम्झिँदै श्रेष्ठ भन्नुहुन्छ, "तर आजकाल त्यस्तो अवस्था छैन, व्यापारीहरु बारीमै आउँछन् र खेतबाटै खुर्सानी तथा तरकारी बिक्री हुन्छ ।"



नेपाली बजारमा भारतीय खुर्सानीको ठूलो दबदबा रहे पनि श्रेष्ठको उत्पादनले बजारमा छुट्टै पहिचान बनाएको छ । भारतीय खुर्सानीको तुलनामा रैथाने उत्पादन ताजा र गुणस्तरीय हुने भएकाले उहाँको खुर्सानीले बजारमा अन्यको भन्दा बढी मूल्य पाउने गरेको छ। उहाँले उत्पादन गर्नुभएको खुर्सानी चितवनको नारायणगढ, टाँडी, पर्सादेखि राजधानी काठमाडौँसम्म पुग्ने गर्दछ । "अरु किसानले यहाँ खासै पिरो खुर्सानी लगाउँदैनन्, त्यसैले मलाई बिक्रीमा कहिल्यै समस्या भएन । कुनै दिन पनि खुर्सानी बिकेन भनेर घरमा थन्क्याएर राख्नुपरेको छैन ।" गत वर्ष बढी भएर बोटमै पाकेको खुर्सानीलाई सुकाएर रातो बनाई झन्डै एक लाख रूपैयाँको त सुकेको खुर्सानी मात्रै बिक्री गरेको उहाँले बताउनुभयो । उहाँका अनुसार यो १२ महिना नै उत्पादन हुने सदाबहार र खेती गर्न सबैभन्दा सजिलो बाली हो ।

खुर्सानीखेतीबाट श्रेष्ठले लोभलाग्दो आम्दानी गरिरहनुभएको छ । गत वर्ष मात्रै उहाँले २५ कट्ठा जग्गाबाट रू २३ लाख बराबरको खुर्सानी बिक्री गर्नुभयो। जसमा मल, बीउ, ज्याला लगायतका सबै खर्च कटाएर उहाँले रू १२ लाख खुद नाफा (बचत) गर्नुभयो । कृषिबाट उहाँले आफ्नो आर्थिक अवस्था मात्र सुधार्नुभएको छैन, स्थानीय तहमा रोजगारी सिर्जना गर्नुभएको छ । उहाँको कृषि फार्ममा दैनिक १० देखि १२ जना स्थानीयले नियमित रोजगारी पाइरहेका छन्। श्रेष्ठले वार्षिक रूपमा रू १० लाखभन्दा बढी रकम त कामदारको ज्यालामै खर्च गर्ने गर्नुभएको छ । "परिवार अनि म आफैँ पनि खेतमा खट्छु र गाउँका अन्य दाजुभाइ, दिदीबहिनीलाई पनि काम दिएको छु । उनीहरूले पनि काम पाएका छन्, मलाई पनि फाइदा भएको छ", उहाँ भन्नुहुन्छ ।

तरकारीखेतीकै कमाइबाट श्रेष्ठले आफ्नो पुख्र्यौली सम्पत्तिलाई विस्तार गर्दै व्यवसायलाई अझ फराकिलो बनाउनुभएको छ । उहाँले अहिले कृषकहरूलाई मल–बीउ र परामर्श दिन नवीन एग्रो सेन्टर र राइस एण्ड तोरी मिल सञ्चालन गरिरहनुभएको छ । आफू मात्र नभई उहाँले गाउँका अन्य किसानलाई आइपर्ने समस्या र प्राविधिक सहयोग समेत गर्दै आउनुभएको छ। बुवाआमा, श्रीमती र दुई छोरीसहितको उहाँको छ जनाको परिवार अहिले यही कृषिकर्मको बलियो जगमा खुसीसाथ टिकेको छ ।

स्वदेशमा सम्भावना नदेखेर विदेश पलायन हुने युवा पुस्ताका लागि श्रेष्ठ एक प्रेरणाको स्रोत बन्नुभएको छ । आफ्नै माटोलाई माया गरेर पसिना बगाउने हो भने विदेशमा भन्दा बढी आम्दानी र आत्मसम्मान स्वदेशमै पाउन सकिन्छ भन्ने प्रमाणित गर्दै उहाँ भन्नुहुन्छ । सही योजना र जाँगर चलाउने हो भने नेपालकै कृषिमा भविष्य निकै उज्यालो छ भन्ने कुरा श्रेष्ठको भनाइले प्रमाणित गर्छ । रासस

# भानुमा स्वास्थ्य प्रणाली अध्ययनको प्रतिवेदन प्रस्तुत

## पाँचवर्षीय फोहर व्यवस्थापन योजना हस्तान्तरण

**भञ्ज्याङ समाचारदाता**/भानु

तनहुँको भानु नगरपालिकाको स्वास्थ्य प्रणाली व्यवस्थापनसम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक गरिएको छ। त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान, केन्द्रीय जनस्वास्थ्य विभाग, महाराजगञ्जमा स्नातक तह (बीपीएच) तेस्रो वर्षमा अध्ययनरत विद्यार्थीहरूले सञ्चालन गरेको प्रणाली व्यवस्थापन सम्बन्धी अध्ययनका मुख्य निष्कर्ष तथा नगरभित्रको स्वास्थ्य सेवाको वर्तमान अवस्थाबारे प्रस्तुति दिएका थिए । प्रस्तुत प्रतिवेदनमा नगरपालिकाअन्तर्गत सञ्चालित स्वास्थ्य सेवाको अवस्था, उपलब्धि, चुनौती तथा सुधारका सम्भावित क्षेत्रहरूको विश्लेषण गरिएको छ।

यस्तै, स्वास्थ्य संस्थाबाट उत्पादन हुने स्वास्थ्य सेवाजन्य



अध्ययनअन्तर्गत नगरस्तरीय अन्तिम प्रतिवेदन प्रस्तुत गरिएको हो ।

नगर प्रमुख आनन्दराज त्रिपाठीको अध्यक्षतामा आयोजित कार्यक्रममा नगर उपप्रमुख उमा गोतामे, स्वास्थ्य शाखा प्रमुख ऐश्वर्यचन्द्र भट्टराई, विभिन्न शाखाका प्रमुख, स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।

समीर थापाले सहजिकरण गरेको कार्यक्रममा अध्ययनको उद्देश्यबारे सुवास पोखेलले जानकारी गराएका थिए। अध्ययनमा संलग्न विद्यार्थीहरूले नगर स्वास्थ्य फोहरको प्रभावकारी व्यवस्थापनका लागि आगामी पाँच वर्षलाई लक्षित गरी तयार गरिएको नगर स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन पञ्चवर्षीय योजना नगर प्रमुख त्रिपाठीलाई हस्तान्तरण गरिएको छ ।

नगरपालिकाले उक्त अध्ययन र कार्ययोजनाले स्वास्थ्य सेवाको गुणस्तर सुधार, वातावरणीय सरसफाइ प्रवर्द्धन तथा स्वास्थ्य सेवाजन्य फोहरको दिगो र व्यवस्थित व्यवस्थापनमा नीति निर्माण तथा कार्यान्वयनका लागि उपयोगी आधार प्रदान गर्ने अपेक्षा गरेको छ ।

# देवीथुम्का सामुदायिक वनमा वृक्षारोपण

**भञ्ज्याङ समाचारदाता**/दमौली

सगरमाथा वृक्षारोपण महाअभियान–२०८३ अन्तर्गत तनहुँको बन्दीपुर गाउँपालिका–३ शेराटारस्थित देवीथुम्का सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रमा वृक्षारोपण गरिएको छ । भू तथा जलाधार व्यवस्थापन कार्यालय, तनहुँ र देवीथुम्का सामुदायिक वन उपभोक्ता समूहको आयोजना तथा डिभिजन वन कार्यालय, तनहुँको सहकार्यमा बुधबार विभिन्न जातका विरूवा रोपण गरिएको हो ।

बन्दीपुर गाउँपालिका–३ का वडाध्यक्ष परमेश्वर भट्टराई, समूहका अध्यक्ष हरिप्रसाद भट्टराई, भू तथा जलाधार व्यवस्थापन कार्यालय, तनहुँका प्रमुख दिवाकर पौडेल लगायतले सगरमाथा वृक्षारोपण महाअभियानको पृष्ठभूमि, वन संरक्षण तथा वृक्षारोपणको



आवश्यकता र यसको दीर्घकालीन महत्वका विषयमा चर्चा गरेका थिए। सहभागिहरूले रोपिएका बिरूवाको संरक्षणलाई अभियानको सफलताको मुख्य आधार भएको उल्लेख गर्दै सबैलाई संरक्षणमा सक्रिय हुन आग्रह गरेका थिए ।

बाँकी तेश्रो पेजमा

# सम्पादकीय ............

www.bhanjyangnews.com

## युवालाई गाउँमै स्वरोजगार बनाउनेतर्फ सरकार गम्भीर होस्

देशमा आयातित वस्तुको उपभोग गर्ने प्रवृत्ति तीव्र रूपमा बढिरहेको छ । फलस्वरूप हामी आफैं उत्पादन गर्ने क्षमताबाट टाढिँदै गएका छौं । यसले मुलुकको अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्न थालेको यथार्थलाई नकार्न सकिन्न। देश संघीय प्रणालीमा गइसकेको सन्दर्भमा अब स्थानीय तहको भूमिका झनै महत्वपूर्ण बनेको छ । जनताको घरदैलोमै रहेको सरकार स्थानीय तह हो र त्यसैले स्थानीय सरकारले युवालाई स्वदेशमै स्वरोजगार बनाउने कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्छ । आजको युवा पुस्ता निराशामा छ । पढेर जागिर पाइँदैन, खेतीपाती गर्न न त जमिन छ, न त शीप, अनि उत्पादन गरे पनि बजार पाउँदैन भन्ने गुनासो सर्वत्र छ । बिदेश जान चाहनेहरूसँग खर्च छैन । यस्ता समस्याले गर्दा युवापुस्ता 'के गरुँ के गरुँ' भन्ने मानसिक अवस्थाको बन्दी बनेको छ । देशमा नीति, कार्यक्रम, बजेट जुनसुकै तहमा बनोस्, जबसम्म तिनको केन्द्रमा युवा हुँदैन, तबसम्म ती कार्यक्रमले अपेक्षित उपलब्धि हासिल गर्न सक्दैनन् । ग्रामीण क्षेत्र अहिले युवाविहीन बन्दै गएका छन् । यसले विकास निर्माणका काममा समेत असर पारेको छ । उर्वर भूमि बाँझो हुँदै जानु, गाउँमा श्रमको अभाव देखिनु र कृषि क्षेत्रको माग घट्दै जानु यसैको परिणाम हो । यस्तो स्थितिमा स्थानीय तहले आफ्नो दायित्वलाई गम्भीरतापूर्वक लिन जरूरी भइसकेको छ । युवालाई आफ्नै गाउँठाउँमा स्वरोजगार बनाउन सकिने सम्भावनाहरू पहिचान गरी त्यसअनुसार कार्यक्रम तय गर्नुपर्ने खाँचो छ । अहिले मुलुकका तीनै तहका सरकारले नयाँ आर्थिक वर्ष २०८३/८४ का लागि नीति, कार्यक्रम तथा बजेट सार्वजनिक गरिसकेका छन् । यो अवसरमा पालिकाहरूले युवा स्वरोजगारका लागि ठोस योजना बनाएका पनि छन् । यो केवल बेरोजगारी घटाउने उपाय मात्रै होइन, समग्र मुलुकको दिगो विकास र समृद्धिको पूर्वाधारका रूपमा अगाडि बढाउनु अहिलेको आवश्यकता छ ।

शैक्षिक बेरोजगार युवाहरूको पहिलो प्राथमिकता भनेको जागिर हो । धेरैले लोक सेवा वा अन्य सेवा आयोगका परीक्षाबाट स्थायी जागिर खोज्छन् । तर, ती परीक्षा प्रतिस्पर्धात्मक र कठिन छन् । करार सेवामा समेत नाता, सिफारिस, पहुँचजस्ता विकृतिहरु देखिन थालेका छन्, जसले आम युवामा निराशा सिर्जना गरिरहेको छ। यस्तो अवस्था अन्त्य गर्न स्थानीय तहले निष्पक्षतामा दृढ रहनुपर्छ र सबै युवालाई समान अवसर दिन सक्ने कार्यक्रम ल्याउनुपर्छ । शैक्षिक बेरोजगार युवालाई लक्षित गर्दै स्थानीय तहले विविध तालिम कार्यक्रम सञ्चालन गर्न सक्दछ । लोक सेवा तथा अन्य सेवा आयोगका लागि तयारी कक्षा, उद्योग व्यवसाय गर्न चाहनेलाई उद्यमशीलता विकास तालिम, शीप विकास तालिम, अनुदान तथा सहुलियतपूर्ण ऋण जस्ता माध्यमबाट स्वरोजगार सिर्जना गर्न सकिन्छ । खेती गर्न चाहने तर जग्गा नभएका युवाका लागि स्थानीय जग्गाधनीहरूसँग सहकार्य गरेर सामूहिक खेतीको अवधारणा ल्याउन सकिन्छ । मल, बिउ, औजार, पशुपालनका सामग्री र तालिमको व्यवस्था गर्दा उत्पादनमा बृद्धि सम्भव छ। बिदेश जान खोज्ने तर खर्च अभावले रोकिएका युवालाई यही लगानी गरेर स्वदेशमै आत्मनिर्भर बन्न सक्ने वातावरण बनाइदिनुपर्छ ।

यी सबै कार्यक्रमको केन्द्रमा युवाहरु हुनु आवश्यक छ । युवालाई गाउँमै व्यवसाय, कृषि, पशुपालन, सेवा, प्रविधि वा अन्य कुनै पनि माध्यमबाट आत्मनिर्भर बनाउन सकियो भने गाउँ समृद्ध हुन्छ, त्यसको असर नगर, जिल्ला, प्रदेश हुँदै देशसम्म पुग्छ । केवल सरकारले नै होइन, युवाले पनि आफ्नो भूमिकालाई गम्भीरतापूर्वक बुझ्न आवश्यक छ । सरकारमा निरन्तर आग्रह गर्ने, उपलब्ध अवसरहरूमा सक्रियता देखाउने, तालिम लिने र उद्यमशील बन्ने प्रयास युवाबाटै सुरू हुनुपर्छ। युवाशक्तिको यथोचित उपयोग नगरेर कुनै पनि मुलुकले समृद्धि हासिल गर्न सक्दैन। युवा भनेको वर्तमानको शक्ति र भविष्यको सम्भावना हो । तसर्थ, स्थानीय तहबाट सुरू भई प्रदेश र संघीय सरकारले समेत समन्वयका साथ स्वरोजगारमुखी कार्यक्रम अघि सारेमा यो देश आत्मनिर्भर, उत्पादनमुखी र समृद्ध बन्न सक्ने दिशातर्फ अघि बढ्न सक्छ । युवाको सवाल मुलुकको साझा सवाल हो । यसलाई उपेक्षा गरेर ल्याइने कुनै पनि नीति, कार्यक्रम र बजेट अपूर्ण र अल्पकालीन हुनेछन् । युवा जागे, सरकार जिम्मेवार बन्यो भने मात्र मुलुक समृद्धिको यात्रामा अघि बढ्छ ।

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

# आँपको सुगन्धले चिनिएको श्रीपुर गाउँ

♦ राजु विश्वकर्मा

गर्मीयाम सुरू हुनासाथ सप्तरीको सुरूङ्गा नगरपालिका-६ स्थित श्रीपुर गाउँको हावा नै आँपको सुगन्धले भरिन थाल्छ । हरियालीले ढाकिएका बगैँचामा लटरम्म झुन्डिएका पहेँलपुर आँप, बोटमुनि व्यस्त किसान र गाउँमै आइपुग्ने व्यापारीको भीडले श्रीपुरको दैनिकी फेरिदै गएको छ। यही दृश्यले अहिले श्रीपुरलाई 'आँपको गाउँ'का रूपमा छुट्टै पहिचान दिलाइरहेको छ । पूर्व-पश्चिम राजमार्ग हुँदै सिरहाको लहानबाट करिब आठ किलोमिटर पूर्व र त्यहाँबाट चुरे क्षेत्रतर्फ करिब एक किलोमिटर उत्तर लागेपछि पुगिने यो गाउँमा आँप केवल फल मात्र होइन, यहाँका वासिन्दाहरूको जीवनको आधार हो । यहाँका अधिकांश परिवारको आयआर्जन, शिक्षा, रोजगारी र आर्थिक गतिविधिको केन्द्रबिन्दु नै आँप खेती बनेको छ ।

गाउँका प्रायः हरेक घरसँग जोडिएका साना-ठूला बगैँचामा माल्दह, दशहरी, लङ्गडा, चौँसा, बम्बई र अम्रपालीलगायतका जातका आँप फल्छन् । यस गाउँका अधिकांश किसानले दशकौँदेखि आँप खेतीलाई मुख्य आम्दानीको स्रोत बनाएका छन् । साना-ठूला बगैँचासहित धेरै किसानले व्यावसायिक रूपमा सयौँ बोट आँप लगाएका छन् । यहाँ माल्दह, दशहरी, लङ्गडा, बम्बई, चौँसा, अम्रपाली लगायतका जातका आँप उत्पादन हुन्छन् । अनुकूल हावापानी, उर्वर माटो र किसानको अनुभवका कारण यहाँको आँप स्वाद, मिठास र गुणस्तरका हिसाबले बजारमा लोकप्रिय मानिन्छ।



गर्मी सुरू भएसँगै श्रीपुरका बगैँचामा व्यापारीको चहलपहल बढ्ने गर्छ । व्यापारी गाउँमै पुगेर बोटबाटै आँप खरिद गर्छन् र त्यसपछि उत्पादन जनकपुरधाम, राजविराज, विराटनगर, काठमाडौंलगायतका बजारमा पुग्ने गरेको छ । उत्पादन राम्रो भएका वर्षमा यहाँको आँप भारतीय सीमावर्ती बजारसम्म पनि निर्यात हुने गरेको स्थानीय किसान दिनेश चौधरी बताउनुहुन्छ । उहाँका अनुसार आँप खेतीले गाउँमा नगद आम्दानी भित्र्याउनुका साथै सयौँ स्थानीयलाई मौसमी रोजगारी उपलब्ध गराएको छ । आँप टिप्ने, वर्गीकरण गर्ने, प्याकिङ गर्ने र बजारसम्म पुऱ्याउने काममा परिवारका सदस्यदेखि स्थानीय युवासम्मको सक्रिय सहभागिता रहने गरेको छ ।

स्थानीय किसान जगदीश चौधरीका अनुसार आँप खेतीले गाउँको सामाजिक सम्बन्धलाई पनि बलियो बनाएको छ । बगैँचा संरक्षणदेखि फल संकलन र ढुवानीसम्मका काममा सामूहिक श्रम र सहकार्यको संस्कृति विकास भएको उहाँको भनाइ छ। पछिल्लो डेढ दशकदेखि व्यावसायिक रूपमा आँप खेती गर्दै आएका किसान चौधरीले यसवर्ष करिब सात लाख रूपैयाँ आम्दानी हुने अपेक्षा गर्नुभएको। "एक वर्षमै पाँचदेखि सात लाख रूपैयाँसम्मको आँप उत्पादन हुन्छ भन्ने विश्वास नै थिएन", उहाँ भन्नुहुन्छ, "उत्पादन बढेपछि थप दुई बिघा क्षेत्रमा आँप विस्तार गर्ने योजना बनाएको छु ।" उहाँले आँप बिक्रीबाट पक्की घर निर्माण गर्नुका साथै आफ्ना छोराछोरीलाई निजी विद्यालयमा अध्ययन गराउन सफल भएको बताउनुहुन्छ । उहाँका अनुसार आँप खेतीले परिवारको आर्थिक अवस्था उल्लेखनीय रूपमा सुधार भएको छ ।

स्थानीय किसान रामवीर चौधरीले यस वर्ष आँपको राम्रो उत्पादन हुने अपेक्षामा थप बगैँचा खरिद गर्नुभएको थियो । तर असिना र हुरीका कारण अपेक्षाभन्दा कम उत्पादन भएको उहाँको भनाइ छ । "मौसमले साथ दिएको भए यसबर्ष १२/१३ लाख रूपैयाँभन्दा बढीको आँप उत्पादन हुने थियो", उहाँ भन्नुहुन्छ, "बजारमा मूल्य केही घटेपनि यस वर्ष घाटा भने नलागेको उहाँको कथन छ । गतवर्ष उत्पादन कम भएकाले आँपको मूल्य उच्च रहेको स्मरण गर्दै किसान सञ्जीव चौधरीले यस वर्ष उत्पादन बढेपछि मूल्य घटेको बताउनुहुन्छ "उत्पादन धेरै भएपछि सस्तो मूल्यमा बिक्री गर्नुपऱ्यो, तर घाटा भने भएन्", उहाँले भन्नयो ।

श्रीपुरका अधिकांश परिवारको नगद आम्दानीको मुख्य आधार नै आँप बिक्री हो । कतिपय परिवारले यही आम्दानीबाट आफ्ना छोराछोरीको शिक्षा, स्वास्थ्य र दैनिक खर्च धान्दै आएका छन् । यद्यपि आँप खेती चुनौतीरहित छैन् । असिना, हुरी, लामो खडेरी तथा असमयको वर्षाले उत्पादनमा प्रत्यक्ष असर पार्ने गरेको किसानको अनुभव छ। रोग-कीराको प्रकोप, आधुनिक भण्डारण सुविधाको अभाव, प्रशोधन उद्योग नहुनु र बजार मूल्यमा हुने उतारचढावले किसानको आम्दानीलाई अझै अस्थिर बनाइरहेको किसानहरूको भनाइ छ ।

कृषि विज्ञ दिनेश यादवका अनुसार श्रीपुरमा आधुनिक बगैँचा व्यवस्थापन, सिँचाइ विस्तार, कोल्ड स्टोर, प्याकिङ केन्द्र तथा आँप प्रशोधन उद्योग स्थापना गर्न सके यस क्षेत्रको आर्थिक सम्भावना उल्लेखनीय रूपमा बढ्न सक्छ । आँपबाट जुस, पल्प, अचार, सुकुटी आँपलगायत मूल्य अभिवृद्धि भएका उत्पादन विकास गर्न सके किसानको आम्दानी बढ्नुका साथै स्थानीय स्तरमै रोजगारी सिर्जना हुने उहाँको भनाइ छ । किसानले उन्नत जातका बिरूवा प्रयोग गर्न थालेको, बगैँचा व्यवस्थापन तथा सिँचाइ प्रणालीमा सुधार आएको भएपनि हावाहुरी र रोग-कीराको प्रकोपका कारण यसवर्ष उत्पादन घटेको कृषि विज्ञ यादवले बताउनुभयो ।

पछिल्ला वर्षमा श्रीपुरलाई 'आँपको गाउँ'का रूपमा प्रवर्द्धन गर्ने प्रयास पनि तीव्र बन्दै गएको छ । सरकार पनि सप्तरीलाई आँप पकेट क्षेत्रको रूपमा विकास गर्न थालेको छ । बगैँचा अवलोकन, स्थानीय उत्पादनको प्रदर्शनी र कृषि पर्यटनसँग जोड्ने कार्यक्रम सञ्चालन गर्न सके श्रीपुरले राष्ट्रियस्तरमा छुट्टै पहिचान बनाउन सक्ने सुरूङ्गा नगरपालिका-६ का वडाध्यक्ष दिनेशकुमार राम बताउनुहुन्छ।

उहाँका अनुसार प्राकृतिक सौन्दर्य, हरियाली र स्वादिलो आँपले आन्तरिक पर्यटक आकर्षित गर्ने पर्याप्त आधार रहेको छ । किसानको मेहनत, आधुनिक प्रविधिको प्रयोग, प्रभावकारी बजार व्यवस्थापन र सरकारी सहयोगलाई एकीकृत गर्न सके श्रीपुरले भविष्यमा नेपालको फलफूल उत्पादन र कृषि पर्यटनको सफल नमुनाका रूपमा स्थापित हुने सम्भावना प्रबल रहेको वडाअध्यक्ष रामको कथन छ । कृषि ज्ञान केन्द्र सप्तरीका अनुसार सप्तरीमा यसवर्ष आठ हजार ३८७ हेक्टर क्षेत्रफलबाट ७५ हजार ५०० मेट्रिकटन आँप उत्पादन भएको छ ।

तराईको उर्बर भूमि र अनुकूल हावापानीका कारण सप्तरीलाई आँप उत्पादनको केन्द्र मानिन्छ । मिठास र स्वादका लागि देशभर प्रसिद्धि कमाएको सप्तरीको आँपले यसवर्ष पनि किसानलाई राम्रो आम्दानी दिएको छ । प्रदेश सरकारले फलफूलखेती विस्तार, व्यावसायिक बगैँचा प्रवर्द्धन, उन्नत बिरूवा वितरण तथा बजार व्यवस्थापनमा जोड दिँदै आएको कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख रोशनकुमार मेहता बताउनुहुन्छ । उहाँका अनुसार उत्पादन घटे पनि दीर्घकालीन रूपमा आँपखेतीको व्यवसायीकरण र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

आँप उत्पादनका लागि अग्रणी मानिएको मधेस प्रदेशमा यसवर्ष आँपखेतीको क्षेत्रफल बढेपनि उत्पादन र उत्पादकत्वमा कमी आएको छ । कृषि विकास निर्देशनालय, नक्टाझिज धनुषाका अनुसार आर्थिक वर्ष २०८२/८३ मा प्रदेशभर ३२ हजार ५७४ हेक्टर क्षेत्रफलमा आँपखेती गरिएको छ। उक्त क्षेत्रफलबाट प्रतिहेक्टर औसत ९ दशमलव ४ मेट्रिकटन उत्पादकत्वका दरले दुई लाख ९४ हजार ५६७ मेट्रिकटन आँप उत्पादन भएको बागबानी अधिकृत किरण विश्वकर्माले जानकारी दिनुभयो । अघिल्लो आव २०८१/८२ मा २९ हजार ८८० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर ११ दशमलव ४३ मेट्रिकटन उत्पादकत्वका दरले तीन लाख ४१ हजार ४४५ मेट्रिक टन आँप उत्पादन

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
आज उत्साह बढ्नेछ तर हतारमा निर्णय गर्दा गल्ती हुन सक्छ। काममा सफलता मिल्नेछ।

**वृष**
धनको आवागमन हुनेछ तर खर्च पनि बढ्नेछ। पारिवारिक जिम्मेवारी बढ्नेछ। स्वास्थ्यमा ध्यान दिनुहोस्।

**मिथुन**
आजको दिन शुभ रहनेछ। नयाँ काम सुरू गर्न राम्रो समय छ। पढाइ-लेखाइमा प्रगति हुनेछ।

**कर्कट**
सामान्य मानसिक तनाव र हन सक्छ। पारिवारिक काममा व्यस्तता बढ्नेछ। वित्तीय निर्णय सोचविचार गरेर मात्र लिनुहोस्।

**सिंह**
आज लाभदायक समाचार सुन्न सकिनेछ। व्यापार व्यवसायमा फाइदा हुनेछ। सामाजिक प्रतिष्ठा बढ्नेछ।

**कन्य**
घर-परिवारमा शान्तिपूर्ण वातावरण रहनेछ। आत्मबल बढ्नेछ। आर्थिक लाभ हुनेछ। स्वास्थ्य सामान्य रहनेछ।

**तुला**
शत्रु कमजोर हुनेछन्। प्रतिस्पर्धामा विजय मिल्नेछ। कानुनी वा प्रशासनिक काममा सफलता मिल्नेछ।

**वृश्चिक**
नयाँ योजनामा हात हाल्न सक्नुहुन्छ। प्रेम सम्बन्धमा मधुरता आउनेछ।यात्राबाट लाभ हुनेछ। आर्थिक लाभको संकेत छ।

**धनु**
धेरै परिश्रम गर्नु पर्नेछ तर परिणाम ढिलो देखिनेछ। घर-परिवारमा मनमुटाव हुन सक्छ। आर्थिक लेनदेनमा सतर्क रहनुहोस्।

**मकर**
काममा सफलता मिल्नेछ। शुभचिन्तकको सहयोग प्राप्त हुनेछ। आज नयाँ कार्ययोजना बनाउन सकिनेछ।

**कुम्भ**
पढाइ-लेखाइमा प्रगति हुनेछ। धार्मिक र सामाजिक काममा सहभागिता बढ्नेछ। पारिवारिक सहयोग प्राप्त हुनेछ।

**मीन**
आज मानसिक शान्ति प्राप्त हुनेछ। कठिन काम सजिलै सम्पन्न हुनेछ। साझेदारीमा लाभ हुनेछ।

# केराको व्यावसायिक 'वाइन' र 'ब्रान्डी' उत्पादन

रासस/चितवन

विगत १५ वर्षदेखि व्यावसायिक केराखेती गर्दै आउनुभएका चितवनको रत्ननगर नगरपालिका–१२ जिरौनाका कृषक ठाकुर सापकोटाले केराको विविधिकरण गर्दै यसबाट मदिराजन्य पेय पदार्थ उत्पादन 'वाइन' र 'ब्रान्डी' उत्पादन गर्न सफल हुनुभएको छ । उहाँले यसको सफल परीक्षण गर्नुभएको छ। उत्पादनमुखी कृषि प्रणालीलाई उद्योगसँग जोड्ने उद्देश्यले विगत एक वर्षदेखि उहाँले केराका बाइ–प्रोडक्ट उत्पादनका लागि अध्ययन तथा प्रयोगात्मक अनुसन्धान सुरू गर्नुभएको हो । एक एण्ड बी केरा फार्ममार्फत करिब १२ बिघा क्षेत्रफलमा व्यावसायिक रूपमा केराखेती गर्दै आउनुभएका उहाँले हावाहुरी, बजार अभाव तथा अन्य प्राविधिक कारणले बोटमै कुहिने र खेर जाने केरालाई कच्चा पदार्थका रूपमा उपयोग गर्ने सोचका साथ मदिराजन्य पेय पदार्थ उत्पादनको परीक्षण थालेको बताउनुभयो।

कृषि विकास कार्यालय, भरतपुरको सहयोग, प्राविधिक उपकरण तथा प्रोत्साहनमा सञ्चालन गरिएको अनुसन्धानबाट केराको वाइन उत्पादन पूर्ण रूपमा सफल भएको छ भने ब्रान्डी उत्पादन सम्बन्धी अनुसन्धान सफल चरणमा पुगेको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार एक पटकमा ५०० केजी पाकेको केरा प्रशोधन गर्दा करिब २०० लिटर वाइन उत्पादन गर्न सकिन्छ । त्यसैगरी, ३०० केजी केराबाट करिब १२० देखि १३० लिटर ब्रान्डी उत्पादन हुने गरेको छ। यो प्रविधि पूर्ण रूपमा पाकेको केरामा हुने प्राकृतिक चिनीको फर्मेन्टेसन प्रक्रियामा आधारित रहेको उहाँले बताउनुभयो।

सापकोटाले यस व्यवसायलाई ठूलो डिस्टिलरीका रूपमा नभई स्थानीयस्तरमै सञ्चालन हुने 'माइक्रो–डिस्टिलरी' (लघु मदिरा उद्योग)का रूपमा दर्ता गर्ने प्रक्रिया अघि बढाएको जानकारी दिनुभयो। उहाँले गण्डकी गाउँपालिका तथा खोटाङका स्थानीय तहहरूले कोदोको ब्रान्डिङ गरेजस्तै चितवनको केरालाई पनि स्थानीय कानुन तथा कार्यविधिमार्फत ब्रान्डिङ गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले भन्नुभयो, "हामी ठूलो डिस्टिलरी होइन, स्थानीय स्तरको माइक्रो–डिस्टिलरीका रूपमा दर्ता प्रक्रिया अगाडि बढाउँदैछौँ । गण्डकी गाउँपालिका वा खोटाङले कोदोको ब्रान्डिङ गरेजस्तै चितवनको केरालाई पनि ब्रान्डिङ गर्न सकियो भने यसले कृषि पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ। चितवन आउने आन्तरिक तथा बाह्य पर्यटकका लागि यो उत्कृष्ट चिनोसमेत बन्न सक्छ।"

हाल परीक्षणका रूपमा करिब एक हजार जनालाई केराबाट उत्पादित पेय पदार्थ चखाइएकामा अत्यन्त सकारात्मक प्रतिक्रिया प्राप्त भएको र आगामी आर्थिक वर्षदेखि व्यावसायिक उत्पादन तथा बजार विस्तार गर्ने तयारी भइरहेको सापकोटाले बताउनुभयो । उहाँका अनुसार हाल परीक्षण चरणमा परिवारका सदस्यसहित उद्योग र बजार व्यवस्थापनमा प्रत्यक्ष रूपमा आठदेखि नौ जना संलग्न छन् ।

यसका साथै, केराका बहुउपयोगी परिकारको प्रवर्द्धन गर्ने उद्देश्यले रत्ननगरको टाँडी बजारस्थित बकुलहर चोकमा छुट्टै आउटलेट सञ्चालनमा ल्याइएको छ। उक्त आउटलेटमा केराको म:म:, चिप्स, पकौडा, छोइला, बनाना चिल्ली तथा अचारलगायतका विभिन्न परिकार उपलब्ध गराइएको छ, जसले स्थानीय उपभोक्ता तथा पर्यटकलाई आकर्षित गरिरहेको छ।

सापकोटा भन्नुहुन्छ, "धेरै वर्षदेखि व्यावसायिक केराखेती गर्दै आउँदा बजारीकरण र प्राकृतिक विपत्तिका कारण ठूलो समस्या भोग्नुपऱ्यो । बारीमै पाकेर खेर जाने केरालाई कसरी सदुपयोग गर्न सकिन्छ भन्ने सोच्दै जाँदा यो अवधारणा विकसित भएको हो ।" केरालाई विविधीकरण गरी चितवनको पहिचानका रूपमा स्थापित गर्ने तथा यसको व्यावसायिक विस्तारमार्फत स्थानीय कृषि अर्थतन्त्रलाई बलियो बनाउने लक्ष्य रहेको उहाँले बताउनुभयो ।

## देवीथुम्का सामुदायिक ....

समूहका अध्यक्ष हरिप्रसाद भट्टराईले झाडी फाँडेर वृक्षारोपणका लागि उपयुक्त वातावरण तयार गर्न निकै मेहनत गरिएको उल्लेख गर्दै रोपिएका बिरूवाको संरक्षणमा पनि उत्तिकै प्रतिबद्धताका साथ लाग्ने बताए ।

समूहका सदस्य विश्वेश्वर भट्टराईले सञ्चालन गरेको कार्यक्रममा समूहका पदाधिकारी, सदस्य, वन उपभोक्ता महासंघका जिल्ला प्रतिनिधि, पालिका महासंघका प्रतिनिधि तथा आयोजक कार्यालयका कर्मचारीहरुको सहभागिता रहेको थियो।

कार्यक्रमअन्तर्गत चाँप, अमला, राइखन्यु, चिउरीलगायत विभिन्न जातका १५० भन्दा बढी बिरूवा रोपिएको छ । यस आर्थिक वर्षभित्र उक्त वन क्षेत्रमा कुल तीन हजार तीन सय बिरूवा रोप्ने लक्ष्य राखिएको छ । साथै थप पाँच सय बाँसका बिरूवा रोप्ने योजना रहेको कार्यालय प्रमुख पौडेलले जानकारी दिए । बाँस रोपणका लागि आवश्यक सहयोग भू तथा जलाधार व्यवस्थापन कार्यालय, तनहुँले उपलब्ध गराउने उनले बताए। वृक्षारोपणका लागि आवश्यक सबै बिरूवा डिभिजन वन कार्यालय, तनहुँ र भू तथा जलाधार व्यवस्थापन कार्यालय, तनहुँबाट नि:शुल्क उपलब्ध गराइएको आयोजकले जनाएको छ।

# ह्वाट्सएपको नयाँ सुविधामा भारतको आपत्ति

रासस/एएफपी/नयाँदिल्ली

भारत सरकारले अनलाइन ठगी र नक्कली परिचय प्रयोग गरेर हुने साइबर अपराध बढ्ने चिन्ता व्यक्त गर्दै मेटालाई ह्वाट्सएपको 'प्रयोगकर्ता नाम' (युजरनेम) सुविधा तत्काल लागू नगर्न आग्रह गरेको छ । सरकारले यसबारे आवश्यक परामर्श पूरा नभएसम्म सुविधा सार्वजनिक नगर्न पत्रमार्फत अनुरोध गरेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्।



मेटाले सोमबार प्रयोगकर्ताले आफ्नो फोन नम्बर सार्वजनिक नगरी छुट्टै प्रयोगकर्ता नाममार्फत एकअर्कासँग सम्पर्क गर्न सक्ने नयाँ सुविधा विश्वभर ल्याउने घोषणा गरेको थियो । गोपनीयता बढाउने उद्देश्यले ल्याउन लागिएको यो सुविधा भारतमा भने ठगी गर्ने समूहले नक्कली परिचय बनाएर प्रयोगकर्तालाई झुक्याउन सक्ने सरकारको चिन्ता छ ।

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले मेटालाई पठाएको पत्रमा नयाँ सुविधाका कारण अनलाइन ठगी, फिसिङ, डिजिटल गिरफ्तारीजस्ता ठगी र नक्कली परिचय प्रयोगका घटना बढ्न सक्ने उल्लेख गरिएको छ। सरकारी अधिकारीलाई उद्धृत गर्दै इन्डियन एक्सप्रेसले प्राविधिक ज्ञान कम भएका प्रयोगकर्तालाई नक्कली प्रयोगकर्ता नाममार्फत ठगिन सक्ने जोखिम बढी रहने जनाएको छ ।

भारत ह्वाट्सएपको सबैभन्दा ठूलो बजार हो । भारतमा ५० करोडभन्दा बढी प्रयोगकर्ता रहेका छन् । पछिल्ला वर्षहरूमा देशमा साइबर ठगी तीव्र रूपमा बढ्दै गएको छ। सरकारी तथ्याङ्क अनुसार सन् २०२५ मा भारतीय नागरिकले साइबर ठगीका कारण करिब तीन अर्ब अमेरिकी डलर बराबरको क्षति बेहोरेका छन् । यो सन् २०२१ को तुलनामा करिब ४० गुणा बढी हो ।

मेटाले भने उक्त सुविधा भारतमा अझै सुरू नभएको स्पष्ट पारेको छ । कम्पनीका अनुसार सार्वजनिक व्यक्तित्व र प्रमाणित खाताका प्रयोगकर्ता नाम पहिले नै सुरक्षित राखिएको छ, जसले नक्कली परिचय प्रयोगको जोखिम कम गर्नेछ। साथै, प्रयोगकर्ता नाम प्रयोग गरे पनि ह्वाट्सएप चलाउन फोन नम्बर अनिवार्य रहने र ठगी रोक्न बहुस्तरीय सुरक्षा संयन्त्र समावेश गरिएको कम्पनीले जनाएको छ ।

यसैबीच, मेटाले गत महिना भारतीय फिनटेक उद्यमी कुणाल शाहलाई ह्वाट्सएपको नयाँ प्रमुख नियुक्त गरेको थियो। चीनको टेन्सेन्ट स्वामित्वको वीच्याटमा भने प्रयोगकर्ता नामको सुविधा पहिलेदेखि नै उपलब्ध छ ।

## आँपको सुगन्धले ......

भएको थियो । यस आधारमा हेर्दा चालु वर्ष आँपखेतीको क्षेत्रफल दुई हजार ६९४ हेक्टरले बढे पनि उत्पादन ४६ हजार ८७८ मेट्रिकटनले घटेको देखिएको छ।

निर्देशनालयका अनुसार यसवर्ष सबैभन्दा बढी उत्पादकत्व बारामा प्रतिहेक्टर १३ दशमलव ८० मेट्रिकटन र सबैभन्दा कम सर्लाहीमा प्रतिहेक्टर ६ दशमलव २० मेट्रिक टन रहेको छ । जिल्लागत रूपमा सप्तरीमा आठ हजार ३८७ हेक्टर क्षेत्रफलबाट ७५ हजार ५०० मेट्रिकटन, सिरहामा नौ हजार ५० हेक्टरबाट ७२ हजार ४०० मेट्रिक टन तथा रौतहटमा चार हजार ७७० हेक्टर क्षेत्रफलमा ५४ हजार ३७८ मेट्रिकटन आँप उत्पादन भएको छ। त्यसैगरी सर्लाहीमा दुई हजार १०० हेक्टरमा १३ हजार २० मेट्रिकटन, महोत्तरीमा तीन हजार हेक्टरमा २९ हजार ७०० मेट्रिकटन, धनुषामा तीन हजार ३२५ हेक्टरमा २३ हजार २७५ मेट्रिकटन, बारामा एक हजार ४९५ हेक्टरमा २० हजार ६३१ मेट्रिकटन तथा पर्सामा ४४७ हेक्टर क्षेत्रफलमा पाँच हजार ९६३ मेट्रिकटन आँप उत्पादन भएको तथ्याङ्क छ ।

मधेस प्रदेश मालदह, दशहरी, बम्बई, कलकतिया र आम्रपालीलगायत जातका आँप उत्पादनका लागि परिचित छ । यहाँ उत्पादन हुने आँप प्रदेशभित्रका साथै संघीय राजधानी काठमाडौं र देशका अन्य प्रमुख बजारमा आपूर्ति हुँदै आएको छ। प्रदेश सरकारले फलफूल खेती विस्तार, व्यावसायिक बगैँचा प्रवर्द्धन, उन्नत बिरूवा वितरण तथा बजार व्यवस्थापनमा जोड दिँदै आएको कृषि निर्देशनालयका प्रमुख जितेन्द्र यादवले बताउनुभयो। उहाँका अनुसार उत्पादन घटे पनि दीर्घकालीन रूपमा आँपखेतीको व्यवसायीकरण र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ । रासस

## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

**असार २० गते शनिबार**

१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ **डा. डि.बि. लामिछाने**द्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै **क) नाक सम्बन्धी समस्याहरूका लक्षणहरु :** लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । **ख) कान सम्बन्धी लक्षणहरु :** श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । **ग) घाँटी सम्बन्धी समस्याहरूका लक्षणहरु :** घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

## व्यास नगरपालिका घरनक्शा शाखाको लागि सधियाराका नाममा जारी गरिएको सूचना

गण्डकी प्रदेश तनहुँ जिल्ला व्यास नगरपालिकाको तपसिलमा उल्लेखित व्यक्तिको आफ्नो नाउँमा दर्ता भएको कित्तामा तपसिलमा उल्लेखित विवरण अनुसारको नयाँ घर निर्माणको लागि यस कार्यालयमा नक्सा पेश भई १५ दिने सन्धि सर्पनको सूचना समेत जारी भई फिल्ड सर्जमिनको लागि जाँदा तल उल्लेखित विवरण अनुसारको तपाई उपस्थित नभएकाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र जग्गामा हकभोग पुग्ने आवश्यक सबुद प्रमाण सहित आफ्नो दाबी खुलेको उजुरी निवेदन यस कार्यालयमा दिनुहोला । अन्यथा नियम अनुसार गरिनेछ भनी पुन: यो सूचना जारी गरिएको छ । म्याद नाघी आएको उजुरीमा कुनै कारवाही हुने छैन ।

**तपसिल**

| सि. नं. | नक्शा दरखास्तवालाको नाम ठेगाना | जग्गाको विवरण | १५ दिने सूचना मिति | घरको किसिम | उपस्थित नहुने सधियारको नाम |
|---|---|---|---|---|---|
| १ | कालु माया कामी व्यास–१ | साविक कर्लुङ ६/ञ कि.नं. १२६४ क्षेत्रफल ०.३.२.० | २०८३/०३/१८ | RCC | पूर्व तर्फ सुस्मिता कुमाल आले |




भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com, www.bhanjyangnews.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९





**चालक सचेतना :** पृथ्वी राजमार्गअन्तर्गत तनहुँको शुक्लागण्डकी नगरपालिका-२ कोत्रेमा बिहीबार बिहान सवारी साधनका चालकलाई सवारी दुर्घटनासम्बन्धी सचेतना प्रदान गरिँदै । सवारी दुर्घटना न्यूनीकरण अभियानअन्तर्गत बिहीबार बिहान ९२ जना चालकलाई सचेत गराइएको छ।

*तस्बिर : भञ्ज्याङ*

# राष्ट्रिय विज्ञापन नीति स्वीकृत : डिजिटल विज्ञापनदेखि 'डिपफेक'सम्म नियमन

**रासस**/काठमाडौं

विज्ञापन क्षेत्रलाई व्यवस्थित, पारदर्शी, उत्तरदायी र आधुनिक प्रविधिअनुकूल बनाउने उद्देश्यसहित सरकारले 'राष्ट्रिय विज्ञापन नीति, २०८३' स्वीकृत गरेको छ । मन्त्रिपरिषद्को आज बसेको बैठकले स्वीकृत गरेको उक्त नीतिले परम्परागत सञ्चारमाध्यमसँगै सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म, 'इन्फ्लुएन्सर मार्केटिङ' तथा कृत्रिम बौद्धिकता (एआई)को प्रयोगबाट हुने विज्ञापनलाई नियमनको दायरामा ल्याउनुपर्ने आवश्यकता औँल्याएको हो ।

सरकारले विज्ञापन बजारमा बढ्दो अन्तर्राष्ट्रिय प्रतिस्पर्धा, बहुराष्ट्रिय कम्पनीको प्रभाव, डिजिटल प्रविधिको तीव्र विस्तार तथा उपभोक्तालाई सही सूचना उपलब्ध गराउने आवश्यकतालाई ध्यानमा राख्दै नयाँ नीति ल्याइएको जनाएको छ । नीतिमा स्थानीय उत्पादनको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, विज्ञापन क्षेत्रबाट रोजगारी सिर्जना, राजस्व वृद्धि, उपभोक्ताको अधिकार संरक्षण तथा अश्लील, हिंसात्मक, लैङ्गिक विभेद् हुने तथा बालबालिकामाथि नकारात्मक असर पार्ने सामग्री नियन्त्रण गरिने उल्लेख छ । साथै तथ्यहीन र भ्रामक विज्ञापनलाई कारबाहीको दायरामा ल्याउने तथा त्यसबाट उपभोक्तालाई क्षति पुगे क्षतिपूर्तिको व्यवस्था गरिने पनि नीतिमा उल्लेख छ ।

सरकारले आगामी पाँच वर्षभित्र कुल ग्राहस्थ उत्पादन (जिडिपी)मा विज्ञापन क्षेत्रको योगदान उल्लेख्य वृद्धि गर्ने लक्ष्य लिएको छ । विज्ञापन क्षेत्रको विकास तथा विस्तार, व्यवसायलाई स्वच्छ, प्रतिस्पर्धी, मर्यादित र पारदर्शी बनाउने तथा उपभोक्ताले गुणस्तरीय वस्तु तथा सेवा छनोट गर्न पाउने अधिकार सुनिश्चित गर्ने नीति अपनाइएको छ । यसका लागि विज्ञापन बजार विस्तार, सञ्चारमाध्यमको वैज्ञानिक वर्गीकरण, विज्ञापनको प्रभावकारी अनुगमन तथा नियमन, सरोकारवालाबीच समन्वय र संस्थागत संरचना निर्माणलाई प्राथमिकतामा राखिएको छ ।

नीतिअनुसार स्वदेशी वस्तु तथा सेवाको विज्ञापनलाई विशेष सहुलियत प्रदान गर्ने तथा विदेशी वस्तु तथा सेवा बिक्री गर्ने कम्पनीलाई आफ्नो कारोबारको निश्चित हिस्सा उपभोक्ता सचेतना कार्यक्रममा खर्च गर्नुपर्ने व्यवस्था गरिने जनाइएको छ । विज्ञापनमा गरिएको लगानीलाई कर प्रणालीसँग जोड्ने, न्यूनतम मूल्य सार्वजनिक गर्न प्रोत्साहन गर्ने तथा विज्ञापनमा पछि परेका क्षेत्रलाई विशेष प्रोत्साहन उपलब्ध गराउने व्यवस्था पनि गरिने नीतिमा उल्लेख छ ।

सरकारले विज्ञापनलाई समाचारको रूपमा र समाचारलाई विज्ञापनको रूपमा प्रस्तुत गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्ने नीति लिएको छ । विज्ञापन दिएको वा नदिएको आधारमा सकारात्मक वा नकारात्मक समाचार प्रकाशन/प्रसारण हुने अवस्थालाई रोक्न आवश्यक कानुनी तथा नियामकीय व्यवस्था गरिने उल्लेख गरिएको छ। त्यस्तै, विज्ञापन खर्चका नाममा अन्य प्रवर्द्धनात्मक खर्च देखाउने अभ्यासलाई पनि अन्त्य गरिने नीति रहेको छ ।

नयाँ नीतिको सबैभन्दा महत्वपूर्ण पक्ष डिजिटल विज्ञापनको नियमन हो । सरकारले सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म तथा इन्फ्लुएन्सरमार्फत गरिने विज्ञापनमा अनिवार्य स्वघोषणाको व्यवस्था गर्ने नीति लिएको छ । एआईबाट सिर्जना गरिएका 'डिपफेक' विज्ञापनलाई कानुनी रूपमा नियमन गरिने जनाइएको छ ।

भ्रामक, तथ्यहीन वा उपभोक्तालाई नकारात्मक असर पार्ने विज्ञापनमाथि कडा नियन्त्रण गरिनेछ । उपभोक्तालाई क्षति पुगेमा क्षतिपूर्तिको व्यवस्था गरिनेछ भने उपभोक्ता शिक्षा, जनचेतना तथा विज्ञापनसम्बन्धी तालिमलाई देशव्यापी बनाइने उल्लेख गरिएको छ । विज्ञापनको गुणस्तर कायम गर्न स्वनियमन संयन्त्र, आचारसहिता र कारबाही प्रणालीलाई प्रभावकारी बनाइने नीति सरकारले अघि सारेको छ।

नीतिले सामाजिक न्यायलाई पनि विशेष प्राथमिकता दिएको छ। कुनै वर्ग, जातजाति, धर्म, भाषा, संस्कृति, समुदाय वा लिङ्गप्रति विभेद हुने विज्ञापन गर्न नपाइने व्यवस्था गरिनेछ । लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका समुदायको सम्मान हुनेगरी विज्ञापन निर्माण गर्नुपर्ने व्यवस्था गरिएको छ ।

साथै नेपालको सार्वभौमसत्ता, राष्ट्रिय झण्डा, राष्ट्रिय गान, राष्ट्रिय विभूति तथा धार्मिक सहिष्णुतामाथि आँच पुग्ने विज्ञापन पूर्णरूपमा निषेध गरिने उल्लेख छ । विपद्, शोक वा संवेदनशील अवस्थालाई व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पनि रोक लगाइने जनाइएको छ ।

सरकारी विज्ञापन वितरण प्रणालीमा व्यापक सुधार गरिने नीति सरकारले लिएको छ । सरकारी विज्ञापन वितरण तथा भुक्तानी प्रक्रियालाई पारदर्शी बनाउन एकीकृत सूचना व्यवस्थापन प्रणाली विकास गरिनेछ। स्थानीय तथा प्रदेशस्तरका सूचना र विज्ञापन सोही तहका सञ्चारमाध्यममार्फत प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था गरिनेछ भने जनहितका विज्ञापनलाई समानुपातिक र समन्यायिक ढङ्गले वितरण गरिने नीति छ । स्थानीय भाषा, संस्कृति तथा समुदायमा आधारित सञ्चारमाध्यम संरक्षणका लागि विज्ञापनमार्फत सहयोग गर्ने व्यवस्था मिलाइने भएको छ ।

संस्थागत व्यवस्थाअन्तर्गत संघ, प्रदेश र स्थानीय तहले संयुक्त रूपमा नीति कार्यान्वयन गर्नेछन् । विज्ञापन बोर्डलाई थप स्वायत्त, अधिकारसम्पन्न र स्रोतयुक्त निकायका रूपमा विकास गरिनेछ । प्रदेशमा विज्ञापन अनुगमन तथा नियमन समिति र स्थानीय तहमा पालिका विज्ञापन समिति गठन गर्न सकिने व्यवस्था गरिएको छ । साथै विज्ञापनको अनुगमन, नियमन र स्वनियमनका लागि राष्ट्रिय विज्ञापन परिषद् गठन गरिने नीतिमा उल्लेख छ । विज्ञापन बजारलाई पारदर्शी बनाउन एकीकृत सूचना प्रणाली, सूचना बैंक तथा सञ्चारमाध्यमको वर्गीकरण र स्तरीकरणको व्यवस्था गरिनेछ ।

नीति कार्यान्वयनका लागि विज्ञापनसम्बन्धी कानुन, नियमावली, आचारसहिता तथा कार्यविधिमा व्यापक संशोधन गरिनेछ । विज्ञापन कोष स्थापना गरी सरकार, शुल्क, विज्ञापन कारोबार तथा विभिन्न निकायबाट प्राप्त रकम त्यसमा जम्मा गरिने व्यवस्था हुनेछ ।

उक्त कोषबाट विज्ञापन बजार विकास, अनुसन्धान, तथ्याङ्क प्रणाली, सूचना बैंक, सञ्चारमाध्यम वर्गीकरण, उपभोक्ता सचेतना तथा विज्ञापन व्यवसायीको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछन् । मन्त्रालयले प्रत्येक वर्ष नीतिको समीक्षा गर्ने र प्रत्येक पाँच वर्षमा नीति पुनरावलोकन गरिने व्यवस्था पनि गरिएको छ ।

सरकारको यो नीति कार्यान्वयनमा आएपछि नेपालको विज्ञापन बजारमा डिजिटल नियमन, उपभोक्ता संरक्षण, सरकारी विज्ञापन वितरण, सञ्चारमाध्यमको वर्गीकरण, विज्ञापनको पारदर्शिता तथा विज्ञापन उद्योगको संस्थागत विकासमा उल्लेखनीय परिवर्तन आउने अपेक्षा गरिएको छ । विशेषगरी सामाजिक सञ्जाल र कृत्रिम बुद्धिमत्तामार्फत हुने विज्ञापनलाई पहिलो पटक स्पष्ट रूपमा नियमनको दायरामा ल्याउने व्यवस्थाले विज्ञापन बजारलाई नयाँ ढङ्गले पुनर्संरचना गर्ने आधार तयार गरेको हो ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

## facebook twitter

**Homnarayan Shrestha**
facebook.com/homnarayan.shrestha



तहगत योग्यता, क्षमता र आवश्यकताले बनाएकोलाई पो स्याब्बास् भनेर बधाई दिने ! अरूलाई सहयोग गर्नुको साटो दलीय आडमा अर्काको खोइरो खनेर, अपमानित गरेर, दुनियाँलाई चाप्लुसी र हजुर लाएर विद्यालयको शैक्षिक अवस्था बिगारेर, त्यसैलाई निम बनाएर पालिकाको आडमा हटाएर, पाउँदै नपाउने विनाअधिकारको लिएको पद क्षणिक हुन्छ, जसरी लिएको छ भविष्यमा त्यसरि जान्छ! सोत्तर हुँदा पनि अझै चेत छैन पुराना दलका चाप्लुसिबाट बनेका स्वघोषित अब्बल हलिहरूलाई! यसरिनै अझै अरूलाई समस्या सच्याउन लगाएर साथ दिनुको साटो, साना कुरा ठूला भिमकाय रूपमा गलत देखाएर खेद्ने र अवशरको खेति गर्ने गरिरह्यो भने को कहाँबाट कहाँ पुग्छ थाहा छैन ।

**Geja Sharma Wagle**
x.com/GejaWagle



जो जससँग सम्बन्धित छ
राजनीतिक पार्टीहरूको आन्तरिक मामला, विवाद र झगडामा जनतालाई कुनै सरोकार छैन !
पार्टी भनेको केवल नेता र गुटहरूको 'व्यवस्थापन' होइन र पार्टी भनेको गुटहरूको महासंघ होइन। भागबण्डा तथा अंशबण्डा गरी नेताहरु वा गुटहरूको 'व्यवस्थापन' गरेर कुनै पनि पार्टी बलियो हुन सक्दैन। नेता र गुटको व्यवस्थापन गर्ने कि जनताको विश्वास हासिल गर्ने पार्टी बनाउने ?
बलियो र लोकप्रिय पार्टीका आधार स्तम्भ जनता (अब कार्यकर्ताको भूमिका न्यून छ) हुन् । जनताले विश्वास गरेको पार्टी मात्रै अब बलियो र लोकप्रिय हुन्छ तथा पुनःजीवन पाउन सक्छ !
भिजन भएको भविष्यमुखी नेताको नेतृत्वमा पुनःगठन, रूपान्तरण र शुद्धीकरण भयो भने पार्टीको औचित्य होला। होइन भने जनताले स्पष्ट सन्देश दिइसकेका छन् !
अब पनि नसुद्रने नेता र अब पनि नसच्चिने पार्टी जनताको नजरमा नेता र पार्टी हुन सक्दैनन्। यो आरोप-प्रत्यारोप, आत्मालाप र विवाद गर्ने समय होइन, यो आत्माआलोचना, आत्मसमीक्षा र आत्मचिन्तन गर्ने घडी हो । पार्टी पुनर्गठन, रूपान्तरण र शुद्धीकरण गरी नयाँ दृष्टिकोण, नीति र एजेण्डाका साथ जनतामा जाने उपयुक्त घडी हो। होइन भने त्यस्ता पार्टी र नेताहरू इतिहासको गर्तमा बिलाउने छन् !

# म्याग्दे गाउँपालिका सम्मानित

**भञ्ज्याङ समाचारदाता**/म्याग्दे

बालश्रम न्यूनीकरण तथा बालअधिकार संरक्षणमा प्रभावकारी काम गरेको भन्दै तनहुँको म्याग्दे गाउँपालिकालाई नेपाल सरकारले राष्ट्रिय सम्मान प्रदान गरेको छ । युवा, श्रम तथा रोजगार मन्त्रालयद्वारा बिहीबार आयोजित विशेष समारोहमा युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठलाई सम्मानपत्र प्रदान गरेका हुन् । मन्त्रालयले देशभरका ७५३ स्थानीय तहमध्ये बालश्रम न्यूनीकरणमा उत्कृष्ट कार्यसम्पादन गरेका १३ स्थानीय तहलाई छनोट गरी सम्मान गरेको हो । तीमध्ये म्याग्दे गाउँपालिका पनि परेको छ।



गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीका अनुसार मन्त्रालयले निर्धारण गरेका ५१ वटा सूचकका आधारमा गरिएको मूल्याङ्कनमा गाउँपालिकाले आवश्यक मापदण्ड पूरा गरेपछि सम्मानका लागि छनोट भएको हो ।

गाउँपालिकाले इँटाभट्टामा कार्यरत बालश्रमिकको उद्धार गरी विद्यालयमा भर्ना गराएको, सातवटै वडामा बालश्रमविरूद्ध निरन्तर जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेको तथा होटल, रेस्टुरेन्ट र अन्य व्यवसायिक प्रतिष्ठानमा नियमित अनुगमन गरी बालश्रमिक हटाउने अभियान सञ्चालन गरेको थियो । यिनै प्रयासका आधारमा गाउँपालिकाले राष्ट्रियस्तरको सम्मान प्राप्त गरेको अधिकारीले बताए ।

सम्मान ग्रहणपछि गाउँपालिका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बालश्रम अन्त्यका लागि स्थानीय सरकार, जनप्रतिनिधि, कर्मचारी तथा समुदायको साझा प्रयासले उपलब्धि हासिल भएको बताए । बालबालिकालाई श्रममा होइन, शिक्षामा जोड्ने उद्देश्यअनुरूप गाउँपालिकाले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको उल्लेख गर्दै उनले प्राप्त सम्मानले आगामी दिनमा अझ प्रभावकारी रूपमा काम गर्न प्रेरणा मिलेको बताए ।

उनले बालमैत्री स्थानीय तह निर्माणलाई प्राथमिकतामा राख्दै म्याग्दे गाउँपालिकालाई पूर्ण रूपमा बालश्रममुक्त बनाइराख्न आवश्यक नीति तथा कार्यक्रमलाई निरन्तरता दिइने जानकारी दिए ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
**कार्यालय :** ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण :-** विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४